नेपाल सरकार
गृह मन्त्रालय
# सशस्त्र प्रहरी वल नेपाल, प्रधान कार्यालय
# मद्दती तथा सेवा निर्देशनालय
(आर्थिक प्रशासन शाखा )
हलचोक काठमाण्डौ

## राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. APF/NCB/G/V/S/01/2074/075

प्रथम पटक सूचना प्रकाशित मिति २०७४/०५/२३ गते ।

१ नेपाल सरकारको स्रोतबाट व्यहोर्ने गरी सशस्त्र प्रहरी वल नेपाल, प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालयलाई आर्थिक बर्ष २०७४/०७५ को लागि आवश्यक भएको निम्नानुसार सामानहरु खरिद गर्नुपर्ने भएकाले योग्य बोलपत्रदाताहरुबाट सिलबन्दी बोलपत्रको माध्यमबाट बोलपत्र पेश गर्न यो राष्ट्रियस्तरको बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२ योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस सशस्त्र प्रहरी वल नेपाल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालय, (आर्थिक प्रशासन शाखा) फोन न ०१-२०९२०१५ मा सम्पर्क गरी कार्यालय समयमा सम्पर्क राख्न सक्नेछन ।

३ योग्य बोलपत्रदाताले यस सशस्त्र प्रहरी वल नेपाल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालय, (आर्थिक प्रशासन शाखा) बाट र कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर, काठमाण्डौबाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित), स्थायी लेखा नम्बर (PAN)/मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७२/०७३ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि र बोलपत्र सम्बन्धी कागजातको लागि देहाए बमोजिमको दस्तुर (फिर्ता नहुने) बुझाई मिति २०७४/०७/०७ गतेको कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न सकिनेछ । बोलपत्र सम्बन्धी कागजातहरु हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ । कुनै बोलपत्रदाताले थप रु २,०००/- सहित बोलपत्र सम्बन्धी कागजातहरु हुलाक/कुरियर मार्फत पठाई दिन अनुरोध गरेमा हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ, तर त्यसरी हुलाक/कुरियर मार्फत पठाईएको बोलपत्र सम्बन्धी कागजातहरु ढिलो गरी पुगेमा वा डेलिभरी नै नभएमा यस सशस्त्र प्रहरी वल नेपाल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालय, (आर्थिक प्रशासन शाखा) जिम्मेवार हुने छैन ।

४ बोलपत्रको मान्य अवधि बोलपत्र खोलिने दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिन सम्मको लागि हुनु पर्नेछ । बोलपत्रको साथ देहाए बमोजिमको रकममा नघटाई कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता न ११००२०३, यस कार्यालयको कोड न २७-३१४-७९ मा नगदै जम्मा गरेको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैकबाट "क" श्रेणीको ईजाजत प्राप्त कुनै वाणिज्य बैकबाट जारी भएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्रको मान्य हुने अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात् बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तिमा १२० दिन हुनु पर्नेछ ।

५ बोलपत्र पेश गर्नु अघिको बैठक (Pre-bid meeting) मिति २०७४/०६/२६ गते १३०० बजे यस सशस्त्र प्रहरी वल नेपाल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालय, (आर्थिक प्रशासन शाखा) हलचोकमा हुनेछ ।

६ सिलबन्दी गरिएको बोलपत्र मिति २०७४/०७/०८ गतेको १२०० बजे भित्र यस सशस्त्र प्रहरी वल नेपाल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालय, (आर्थिक प्रशासन शाखा) हलचोकमा दर्ता गरी सक्नु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिने छैन ।

७ म्याद भित्र पेश भएका बोलपत्रहरु २०७४/०७/०८ गते १४०० वजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु तथा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता तथा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

८ बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने र बोलपत्र दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने, बोलपत्र दर्ता गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

९ कुनै वा सबै बोलपत्र, पुरै वा आशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१० यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np मा समेत हेर्न सकिने छ । सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन -२०६३ तथा सार्वजनिक खरिद नियमावली -२०६४ र बोलपत्र कागजातमा उल्लेख भए अनुसार एवम अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

११ माथि उल्लेख भए बमोजिम खरिद गरिने सामानको नाम, बोलपत्र जमानत रकम र बोलपत्र कागजातको बिक्री दस्तुर देहाए बमोजिम हुनेछ :

| बोलपत्र आव्हान सूचना न. | खरिदको नाम | बोलपत्र जमानत रकम रु | बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| APF/NCB/G/V/S/01/2074/075 | सवारी साधनहरुको स्पेयर पार्टस | १,२०,०००/- | ३,०००/- | सिलबन्दी बोलपत्र |